बर्दियाको शिक्षा : स्थिति, समस्या र समाधान

१. बर्दियाको संक्षिप्त शैक्षिक झलक

बर्दिया आदिबासी थारुजातिको बाहुल्यता भएको जिल्ला हो । राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लाको कुल जनसङ्ख्या ४,२६,५७६ रहेको छ भने साक्षरताको दर ६७.६४ (महिला : ५९.९६, पुरुष : ७५.३१) प्रतिसत रहेको छ । जिल्ला शिक्षा कार्यालय, बर्दियाको २०७० को तथ्याङ्क हेर्दा साक्षरता दर ७९.४० प्रतिसत रहेका देखिन्छ । बर्दियाको एस.एल.सी.को उत्तीर्ण प्रतिसत हेर्दा २०६५ देखि २०७० सम्म क्रमशः ५९.२५, ५७.८८, २४.३५, २७.२८, २९.६४ र २९.८० रहेको देखिन्छ ।

यस जिल्लामा शैक्षिक संस्थाहरुको हिसाव गर्दा १० वटा क्याम्पस, १० वटा स्रोतकेन्द्र र ३७८ वटा विद्यालयहरु छन् । यीमध्ये सामुदायिक विद्यालयहरुको सङ्ख्या : ३०० (मा.वि ६८, नि.मा.वि.६२ र प्रा.वि.१७०) र संस्थागत विद्यालयहरुको सङ्ख्या ७८ (मा.वि. १७, नि.मा.वि.२४ र प्रा.वि. ३७) रहेको छ । जिल्लामा समुदायमा आधारित २०२ र विद्यालयमा आधारित ४३१ गरी जम्मा बालविकास केन्द्रको सङ्ख्या ६३३ रहेको छ भने सामुदायिक अध्ययन केन्द्रको सङ्ख्या २० रहेको छ ।

यस जिल्लामा सामुदायिक विद्यालयमा दरबन्दीमा कार्यरत शिक्षकहरुको सङ्ख्या १९४३ रहेको छ जसमा स्वीकृत दरबन्दीमा १२०० जना शिक्षक कार्यरत छन् भने राहत दरबन्दीमा ७४३ जना शिक्षक कार्यरत छन् । यसैगरी यस जिल्लामा स्वीकृत दरबन्दीमा कार्यरत मध्ये २३३ जना शिक्षक (मा.वि.३९, नि.मा.वि ४२ र प्रा.वि.१५२) अस्थायी /करार रुपमा कार्यरत छने भने ९६७ जना शिक्षकहरु (मा.वि.११५, नि.मा.वि १४२ र प्रा.वि. ७१०.) स्थायी रुपमा कार्यरत छन् ।

२०७० सालको तथ्याङ्कलाई आधार मानी भन्नुपर्दा यस जिल्लाका कक्षा १-१२ का अध्ययनरत विद्यार्थीहरुको सङ्ख्या १,२३,६२२ रहेको छ जसमा छात्राको सङ्ख्या ६३,३६९ र छात्रको सङ्ख्या ६०,२५३ रहेको छ । यसरी नै तहगत रुपमा हेर्दा प्राथमिक तहमा ६२५८५ (छात्रा-३११९० र छात्र-३१३९५), निम्न माध्यमिक तहमा ३७८२९ (छात्रा-१९७६७ र छात्र-१८०६२), माध्यमिक तहमा १७४२५ (छात्रा-९४५१ र छात्र-७९७४) र उच्च माध्यमिक तहमा ५७८३ (छात्रा-२९६१ र छात्र-२८८२) विद्यार्थी सङ्ख्या रहेको देखिन्छ । यस जिल्लामा बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाको सङ्ख्या १६ हजार रहेको छ ।

२. बर्दियाका शैक्षिक समस्या एवम् चुनौतिहरु

- एस.एल.सी.को उत्तीर्ण प्रतिसत न्यून हुनु ।
- समग्र विद्यालयस्तरको शैक्षिक उपलब्धिको दर न्यून हुनु ।
- विद्यालय व्यवस्थापनमा अशैक्षणिक किसिमले हस्तक्षेप हुनु ।
- प्रधानाध्यापकहरुको नियुक्ति न्यायपुर्ण तरिकाबाट हुन नसक्नु ।
- अभिभावकहरुमा शैक्षिक जागरण र बालबालिकाहरुको शिक्षाप्रतिको चासो न्यून हुनु ।
- विद्यालयहरुमा राजनीतिक हस्तक्षेपले सकारात्मक परिणाम दिन नसक्नु ।
- साक्षर नेपाल अभियान अन्तर्गत बर्दियालाई पूर्ण साक्षर बनाउने काममा सम्बन्धितहरुको उल्लेख्य चासो नहुनु र सम्बन्धितहरुबाट भूमिकाको पनि खोजी नहुनु ।
- सरकार, शिक्षाका सरोकारवाला र आम नागरिकहरुको दृष्टिमा शिक्षा प्राथमिकतामा नपर्नु ।
- शिक्षक व्यवस्थापनमा पुरष्कार र दण्डको उचित व्यवस्थापन हुन नसक्नु ।
- गणित, विज्ञान, अङ्ग्रेजी जस्ता विषयमा पर्याप्त, सक्षम र योग्य शिक्षकहरुको अभाव देखिनु ।
- विद्यालयहरुले गर्ने शिक्षक नियुक्तिमा निष्पक्षता र पारदर्शिताको अभाव देखिनु ।
- विषयगत शिक्षक र न्यूनतम शिक्षक दरबन्दीको अभाव देखिनु ।
- हचुवा र कसैको भावावेगमा विद्यालय र क्याम्पसको स्थापना हुदै जानु ।
- विद्यालय र कलेजहरु लक्षित समूहको आवश्यकतामा आधारित भन्दा पनि रोजगार पाउनेहरुको इच्छामा आधारित भइ सञ्चालनमा आउनु ।
- जिशिका, विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरुबाट तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक सम्पादन हुन नसक्नु ।
- विद्यालयका प्रधानाध्यापकहरुले विविध कारणले आफ्नो नेतृत्वदायी भूमिकालाई सशक्त बनाउन नसक्नु ।
- पाठ्यक्रमले तोकेबमोजिमका शिक्षण सिकाइ क्रियाकलापहरु विद्यालयमा प्रभावकारी रुपमा हुन नसक्नु ।
- विद्यालयहरु विद्यार्थीहरुका हुनु पर्नेमा शिक्षक र राजनीतिक दलहरुका हुन् कि भन्ने द्विविधा देखिनु ।

- बालबिकास केन्द्रहरुको स्थापना, व्यवस्थापन र सञ्चालन बालबालिकाको हितबाट भन्दा पनि सहयोगी कार्यकर्ताको हितबाट निर्देशित हुनु ।
- ऐनकानून, नीतिनियम र निर्देशनहरुको पालना नगरिनु ।
- आ-आफ्नो विशिष्ट परिवेशलाई समेटेर विद्यालय सुधार योजना, गाउ शिक्षा योजना र जिल्ला शिक्षा योजनाको निर्माण एवम् कार्यान्वयन नहुनु ।
- अन्य :

३. बर्दियामा शैक्षिक सुशासनका लागि भएगरेका प्रयासहरु

- परीक्षा प्रणालीलाई व्यवस्थित गर्ने कार्यको थालनी गरिनु ।
- शिक्षामा भनसुन र पहुचलाई भन्दा नियमकानून, विधि र तथ्यलाई प्राथमिकता दिएर सोको आधारमा निर्णय गर्ने परिपाटीको क्रमशः अभ्यास हुदै जानु ।
- शिक्षकका पेशागत संस्थाहरुमा हालको समयमा आएर आस्थागत पृथकतालाई भन्दा पनि नीतिगत सहमतिलाई आधार मानी अघि बढ्ने संस्कृतिको विकास हुनु ।
- स्रोतव्यक्ति, विद्यालय निरीक्षक र प्रधानाध्यापकहरुसँग कार्यालयले कार्यसम्झौता गरी सोही आधारमा कामको मूल्याङ्कन गर्ने कार्यको थालनी गरिनु ।
- प्रधानाध्यापकहरुको जिल्लास्तरीय बैठकले एस.एल.सी. को उत्तीर्ण प्रतिसतलाई कम्तीमा दश प्रतिसतले बढाउने, विद्यार्थीहरुबाट सिकाइसम्बन्धी योजना बनाउन लगाइ लागु गर्ने, विद्यार्थीहरुलाई परिचालन गरी कम्तिमा आफ्ना सम्पूर्ण अभिभावकहरुलाई साक्षर बनाउने, विद्यालयमा अनुपयुक्त गीतसङ्गीतको प्रयोगमा रोक लगाउने, कक्षा ९-१२ एउटै सिफ्टमा सञ्चालन गर्ने, कक्षा ६ देखि माथि शुक्रबार पनि पूरै दिन पठनपाठन गर्नु पर्ने, स्थायी एवम् सिनियर शिक्षकलाई प्र.अ.मा नियुक्त गर्नु पर्ने लगायतका विषयहरु विद्यालयमा शैक्षिक सुशासनका लागि १५ बूँदामा निर्णय गरी कार्यान्वयनका लागि निर्देशन गरिनु ।
- वेभसाइटको माध्यमबाट कार्यालयले गरेका कामकार्वाही र सूचनाहरुलाई नागरिक समाजलाई उपलब्ध गराउनु ।
- वि.नि. र स्रोतव्यक्तिको भूमिकालाई सूचना र जानकारी सम्प्रेषणको महत्वपूर्ण माध्यमको रुपमा उपयोग गरिनु ।
- विद्यालयहरुमा प्रदान गरिने विभिन्न प्रकारका अनुदान र निकासाहरुलाई वेभसाइट मार्फत सार्वजनिक गरिनु ।

४. बर्दियाको आगामी शैक्षिक योजनामा समेट्नु पर्ने कुराहरु

- शिक्षालाई कसैको रोजगारीसँग जोड्नु भन्दा पनि भावी पुस्ताको विकास र आवश्यकतासँग जोडेर तथ्यपरक र नक्साङ्कनका आधारमा अगाडि बढाउनु पर्ने ।
- स्थानीय परिवेशलाई सम्बोधन हुने गरी जिल्ला शिक्षा योजनाको निर्माण गरी कार्यान्वयन गरिनु पर्ने ।
- जिल्लास्तरीय प्र.अ. बैठकले गरेका निर्णयहरुलाई सूचक बनाएर विद्यालयहरुको अनुगमन र सोही अनुपातमा पुरष्कृत र दण्डित गर्ने प्रक्रियालाई मूर्त रुप दिनु पर्ने ।
- शिक्षा सबै किसिमको विकासको पूर्वाधार भएकोले यसलाई सबै क्षेत्रले प्राथमिकता दिने गरी स्थानीय तहमा योजना बनाइ कार्यान्वयन गरिनुपर्ने ।
- चालु आ.व. मै बर्दियालाई पूर्ण साक्षर घोषणा गर्ने गरी राजनीतिक दल, क्याम्पस र अन्य संघसंस्था लगायत सम्पूर्ण शिक्षित बर्दियाबासीले आ-आफ्नो भूमिका स्पष्ट गर्नुपर्ने ।
- बालबालिकाको सङ्ख्या र हितलाई मध्यनजर राखी बालविकास केन्द्रहरुको पुर्नव्यवस्थापन गरिनुपर्ने ।
- अभिभावक, शिक्षक र विद्यार्थीहरुसँगको निरन्तरको सम्पर्क र अन्तरक्रियालाई जीवन्त बनाउने ।
- सिनियर एवम् स्थायी शिक्षकलाई प्र.अ.मा नियुक्ति गर्ने र शिक्षक दरबन्दी मिलान गर्ने कार्यलाई उच्च प्राथमिकता दिइ कार्यान्वयन गरिने ।
- शिक्षामा काम गर्ने सङ्घसंस्थाहरुको बीचमा प्रभावकारी समन्वयको लागि सञ्जालको निर्माण गरी काम गर्नु पर्ने ।
- अन्य :

<u>प्रस्तोता</u>

जीतबहादुर शाह, जिशिअ बर्दिया

२४ भाद्र, २०७१